कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

पत्र सख्या ०८१/८२ (भूमी व्यवस्था तथा सहकारी)
च.न. ५८६

मिति २०८१।६।९

कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाढी, सिन्धुली बागमती प्रदेश, नेपाल

श्री अध्यक्ष ज्यू
सम्पूर्ण सहकारी संस्था
कमलामाई नगरपालिका सिन्धुली ।

विषय आवश्यक कार्यन्वयन गर्ने सम्वन्धमा।

उपरोक्त सम्वन्धमा यस कमलामाई नगरपालिकामा दर्ता भएका तथा नियमनमा रहेका सहकारी संघसंस्थाहरुमा यस कार्यलय वाट सहकारी ऐन २०७४ सम्वन्धि व्यव्स्था भएको दफा ३९(२) को कानुनी व्यवस्थालाइ गर्न गराउनहुन भनी निर्देशन कार्यन्वयन वारे गत २०८१।५।११ मा जारी गरिएको सुचना सर्वविदितै छ। सोहि अन्तर्गत साधारण सभा सम्पन्न तथा अन्य व्यवस्था सम्वन्धमा तपसिलमा उल्लेखित आधारमानी आवश्यक कार्यन्वयन गर्नहुन जानकारीका साथ अनुरोध छ ।

तपसिल

१ साधारण सभामा सम्पूर्ण सदस्यहरुमा उपस्थितिका लागि आव्हान गर्ने,

२ साधारण सभामा कुल सदस्यको संख्यामा ५१ प्रतिशत सदस्य गणपुरक संख्या पुर्याएर मात्र साधारणसभा सञ्चालन गर्ने,

३ संचालक समिति तथा लेखा समितिको पदाधिकारी चयन वा निर्वाचन गर्नुपरेमा प्रचलित कानुन मापदण्ड एवं विनियम वमोजिमको योग्यता पुगेका सदस्यहरुवाट मात्र निर्वाचित गर्ने,

४ साधारण सभा सम्पन्न भएको मितिले १५ दिनभित्र संस्था प्रतिवेदन पेश गर्नहुन । उक्त प्रतिवेदनका साथ पेश गरिनुपर्ने,

- साधारण सभाको निर्णय प्रतिलिपि पेश गर्दा अनिवार्य रुपमा अध्यक्ष वा सचिवको दस्तखत र सहकारी संस्थाको छाप हुनुपर्ने,
- व्यवस्था भए अनुसार निर्णय प्रमाणित संचालक समिति र शेयर सदस्यहरु सहितको हुनुपर्ने,
- आर्थिक वर्ष ०८०/८१ सम्मको करसेवा कार्यलयवाट प्रदान गरिएको कर चुक्ता तथा व्यवसाय दर्ता वा कारोवार गरे वापतको यस कार्यलय वाट प्रदान गरिने चुक्ता रसिद,
- लेखापरिक्षण प्रतिवेदनको सक्कल प्रतिवेदन,उक्त प्रतिवेदनमा यस कार्यलय वाट लेखापरिक्षक तोकिएको पत्रको प्रतिलिपि समेत,

५ कोपोमिस प्रणालीमा नियमित रुपमा अनिवार्य प्रयोग, प्रतिवेदन पेश गर्नहुन,

६ सहकारी नियमावली २०७५ को नियम ७६(१)झ वमोजिम सुशासन व्यवस्था तर्फ श्वेतपत्र जारी गरि पेश गरिनुपर्ने निकायमा पेश गर्ने,

७ सहकारी ऐन २०७४ र नियमावली २०७५ मा सहकारी संस्थाकोष दफा ६७(१) तथा अन्य कोष सम्वन्धि व्यवस्था भए वमोजिम लागु गर्नहुन, साथै ऐनको दफा १०३ मा भएको स्थिरीकरण कोषलाइ समेत कार्यन्वयन गराउन आवश्यक व्यवस्था गर्ने,

*क्रमश पेज २ मा*

'स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर'
फोन नं. : +९७७-०४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५, ५२०६०८
Phone No. : +977-047-520596, 520512, 520240, 520251, 520245, 520608
E-mail : kamalamaimun.sindhuli@gmail.com
Web Site : kamalamaimun.gov.np

CamScanner

८ संस्थाको विनियम संशोधन गर्नुपरे नियमनकारी वा सम्बन्धित निकाय वाट स्विकृत पश्चात साधारणसभा वाट पारित गर्नेहुन,

९ सहकारी संस्थाहरुले वित्तिय साक्षरतालाई जोड दिदै भाखा नाघेका ऋण असुली तथा वचत, निक्षेप वारे कार्य संचालन गर्ने,

१० सहकारी संस्थाहरुले सहकारी ऐन २०७४ को दफा ४१(५) भएको व्यवस्थालाइ प्रमुखताका साथ लागू गर्नेहुन,

११ माथि उल्लेखित व्यवस्थामा केही जानकारी चाहिएमा इकाई प्रमुख मुकेश तामाङ ९८५४०४११३९ मा सम्पर्क गर्नेहुन,

(टेकेन्द्र कुमार कार्की)
नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री सवै वडा कार्यलय (आवश्यक जानकारीको लागि)
कमलामाई नगरपालिका सिन्धुली ।

श्री जिल्ला सहकारी संघ (आवश्यक जानकारी तथा सहयोग गरिदिन हुन)
जिल्ला समिति सिन्धुली ।

श्री अन्य विषयगत संघ (आवश्यक जानकारी तथा सहयोग गरिदिन हुन)
कमलामाई नगरपालिका स्थित कार्यलयहरु

श्री नेपाल अडिटर्स एसोसियन (आवश्यक जानकारी तथा सहयोग गरिदिन हुन)
जिल्ला कार्य समिति सिन्धुली ।

श्री सूचना प्रविधि शाखा (वेभसाइटमा अपलोड गरिदिन हुन)
कमलामाई नगरपालिका सिन्धुली

०८१।६।९


फोन नं. : +९७७-०४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५, ५२०६०८
Phone No. : +977-047-520596, 520512, 520240, 520251, 520245, 520608
E-mail : kamalamaimun.sindhuli@gmail.com
Web Site : kamalamaimun.gov.np

CamScanner